कान्तिपुर पत्रिकामा प्रकाशित

CCM

# आसय-पत्र आव्हान

**प्रकाशनको मिति: २०७८/११/०१**

ग्लोबल फण्ड विभिन्न देशहरुमा एड्स, क्षयरोग र मलेरिया जस्ता रोगहरुबाट वर्तमान तथा भावी पिढीमा हुने प्रभावलाई घटाई मानिसहरुको जीवन रक्षा गर्ने उद्देश्यले गठित एक अन्तर्राष्ट्रिय वित्तिय संयन्त्र हो । ग्लोबल फण्डले हरेक देशको सरकार, गैरसकारी संघ संस्थाहरु, अन्तराष्ट्रिय साझेदारहरुसंगको सहकार्यमा ती देशका एड्स, क्षयरोग र मलेरिया राष्ट्रिय रणनिति कार्यान्वयनमा सहयोग गर्ने गर्दछ । सन् २००३ देखि नेपालले निरन्तर रुपमा ग्लोबल फण्ड बाट अनुदान सहयोग प्राप्त गर्दै आइरहेको छ । ग्लोबल फण्डका सहयोगका कारण लाखौं एचआइभी, क्षयरोग तथा मलेरिया संक्रमित तथा प्रभावितहरु लाभान्वित भएका छन् । यस अनुदान सहयोगबाट स्वास्थ्य तथा सामुदायिक प्रणाली सुदृढीकरणमा समेत सहयोग प्राप्त भैरहेको छ । ग्लोबल फण्डको New Funding Model (NFM) 3 अन्तर्गत सन् २०२१ को मार्च देखि २०२४ को जुलाई सम्मका लागि मात्र एड्स, क्षयरोग तथा मलेरिया र कोभिड व्यवस्थापन समेतका लागि लगभग ८२ मिलियन अमिरिकन डलर भन्दा बढीको अनुदान सहयोग प्राप्त भएको छ ।

ग्लोबल फण्ड प्रत्येक देशस्थित Country Coordinating Mechanism (CCM) नामक स्थानिय समन्वयकारी संयन्त्रहरुमा भर पर्दछ । CCM ग्लोबल फण्डको एड्स, क्षयरोग र मलेरिया विरुद्धको लडाईका लागि बनाइएको संरचनाको केन्द्रीय स्तम्भ हो । CCM ले आवश्यकता अनुसार कार्यक्रम प्रस्तावहरु तयार गरि ग्लोबल फण्ड समक्ष पेश गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने संस्था (Principal Recipient) छनोट गर्ने, कार्यक्रम कार्यान्वयनको निरीक्षण गर्ने, ग्लोबल फण्ड अनुदानको प्रभावकारी सञ्चालनको सुनिश्चितता गर्ने, बहुक्षेत्रीय समन्वय प्रक्रियाहरुलाई सहजीकरण गर्ने र अतिरिक्त स्रोतहरुको उच्चतम प्रतिफल प्राप्त गर्ने जस्ता कार्यहरु गर्दछ ।

नेपालमा CCM को स्थापना सन् २००२ मा भएको हो । CCM नेपाल Rules of Business नामक आफ्नै बिधान अनुसार संचालन हुने गर्दछ, जस अनुसार CCM नेपाल १७ सदस्यीय हुनेछ र प्रत्येक सदस्यका एक एक जना बैकल्पिक सदस्य हुनेछन । यसका सदस्यहरुमा सरकारी, दातृ निकायहरु, नागरिक समाज, शिक्षण संस्था, निजी क्षेत्र र एचआइभी, क्षयरोग र मलेरिया जस्ता रोगहरुबाट संक्रमित व्यक्तिहरुको प्रतिनिधित्व रहने प्रावधान छ । यस समितिका सदस्यहरु खुला प्रतिस्पर्धात्मक विधिबाट चयन हुने गर्दछन ।

यसै सन्दर्भमा CCM नेपालका तत्कालिन सदस्यहरुको पदावधि सन् २०२१ को डिसेम्बरको अन्त्य देखि सकिइ नयाँ कार्यसमिति चयन गर्नु पर्ने भएकाले सिसिएम नेपालको विभिन्न निर्वाचन क्षेत्रहरुमा क्षेत्रगत प्रतिनिधि छनोटका लागि हुने निर्वाचन प्रक्रियामा सदस्यताका लागि आसय-पत्र आव्हान गरिएको छ । निर्वाचन क्षेत्रहरु यसप्रकार छन्: गैरसरकारी संस्थाहरु र समुदायमा आधारित संस्थाहरु, एचआइभी, क्षयरोग वा मलेरियाबाट संक्रमित वा प्रभावित व्यक्तिहरु, मुख्य समूहहरु (सुईद्वारा लागू पदार्थ प्रयोगकर्ताहरु, जेलमा रहेका कैदिहरु, यौनकर्मीहरु, पुरुष समलिङ्गी/तेस्रोलिङ्गीहरु, प्रवासी श्रमिकहरु); निजी क्षेत्र; शैक्षिक संस्थाहरु र अनुसन्धानमुलक संस्था ।

| निर्वाचन क्षेत्र | क्षेत्रगत प्रतिनिधित्व | सिट संख्या |
|---|---|---|
| नागरिक समाज | गैरसरकारी संस्थाहरु/समुदायमा आधारित संस्थाहरु | २ |
| | एचआइभी, क्षयरोग, वा मलेरियाबाट संक्रमित वा प्रभावित व्यक्तिहरु | ३ |
| | मुख्य समूहहरु | ३ |
| निजी क्षेत्र | नाफामुलक संस्थाहरु | १ |
| शैक्षिक/अनुसन्धान | सरकारी/ गैरसरकारी अनुसन्धानमूलक तथा शैक्षिक संस्थाहरु | १ |
| **कुल सिट संख्या** | | **१०** |

आसय-पत्रको आवेदन फारम तथा आवश्यक योग्यताको जानकारी (Eligibility Criteria and Requirements) सिसिएम नेपालको आधिकारिक वेबसाइट https://ccmnepal.org/ मा रहेको जानकारी गरिन्छ । पूर्ण आवेदन फारम सँगै अन्य आवश्यक कागजातहरू ccmnepalelections2022@gmail.com इमेल ठेगानामा वा CCM Nepal को सचिबालयको कार्यालयमा मिति २०७८/११/१५ गते (५ बजे) सम्म पेश गरिसक्नु पर्नेछ ।

सिसिएम नेपाल तथा निर्वाचन सम्वन्धी थप जानकारीको लागि कृपया सिसिएम नेपालको आधिकारिक वेबसाइट https://ccmnepal.org/ र सिसिएम नेपालको फेसबुक पेज https://www.facebook.com/ccmnpl हेर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क:**

**CCM Nepal को सचिबालय**

**स्वास्थ्य सेवा विभाग परिसर**

**NCASC Logistics भवनको दोस्रो तल्ला**